जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ | अंक १५० | २०७८ साल पुस २७ गते मंगलबार (11 Jan. 2022 Tuesday) | मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

हिंसामुक्त घर, सुखी परिवार

समृद्ध समाजको बलियो आधार ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : प्रदेश २ मा कोरोनाको... ३ पृष्ठमा : 'राष्ट्रपिताको तुलना अरूसँग... ३ पृष्ठमा : भारतमा ओमिक्रोनका ...

# प्रेस जगतको समस्या समाधानमा आफू सहयोग गर्न तत्पर : अर्थमन्त्री साह




**दैनिक समाचारदाता**
**राजविराज, २६ पुस ।**

प्रदेश २ का अर्थमन्त्री शैलेन्द्र प्रसाद साहले प्रेसको अवस्था दयनिय रहेको भन्दै चिन्ता व्यक्त गरेका छन् ।

नेपाल पत्रकार महासंघ सप्तरीद्वारा सोमबार राजविराजमा आयोजित २८ औं लोकेन्द्र स्मृती दिवसको अवसरमा प्रमुख अतिथिको आसन्नबाट बोल्दै उनले उक्त चिन्ता व्यक्त गरेका हुन् ।

मुलुकमा अधिकार प्राप्तिका लागि भएका विभिन्न आन्दोलनमा समेत प्रेस जगतको भूमिका महत्वपूर्ण रहेको बताउँदै उनले तर, पनि संचारकर्मीहरुको अवस्था दयनिय नै रहेकोमा चिन्ता जताए ।

पत्रकारहरुले आर्थिक समस्या झेल्दै आएपनि जनतालाई सूचना सम्प्रेशन गर्ने काममा निरन्तर लागिरहेको बताउँदै उनले प्रेस जगतको समस्या समाधानमा आफू सहयोग गर्न तत्पर रहेको बताए ।

प्रदेश २ सरकारका प्रवक्ता समेत रहेका मन्त्री साहले संचारक्षेत्रको उत्थानका लागि बजेटको कमी हुन नदिने प्रतिबद्धता समेत व्यक्त गरे । उनले प्रदेश २ को मिडिया काउन्सील र आम संचार प्राधिकरणका अध्यक्षलाई योजना बनाएर ल्याउन आग्रह गरे ।

नेपाल पत्रकार महासंघ सप्तरीद्वारा स्थापित पुरस्कारको रकम बृद्धिका लागि पाँच लाख सम्मको अक्षयकोषको स्थापनामा समेत आफूले सहयोग गर्ने प्रतिबद्धता उनले जनाए ।

सोही कार्यक्रममा प्रदेश २ आमसंचार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादवले संचारकर्मीहरुको समस्या समाधानका लागि केही दिनभित्रै कार्यक्रम ल्याउने जानकारी दिँदै पत्रकारहरुको प्रदेशबाटै परिचयपत्र उपलब्ध गराई सोही आधारमा ७ लाख सम्मको स्वास्थ्य बीमा समेतको व्यवस्था गर्न लागिएको जानकारी दिए ।

प्रदेश २ को पत्रकार र पत्रकारिता क्षेत्रको विकासका लागि प्रदेश सरकारले २ करोड रुँपैया बजेट बिनियोजन गरेको जानकारी दिँदै उक्त सम्पूर्ण रकम पत्रकार र पत्रकारिता क्षेत्रको विकासका लागि खर्चिने र यसका लागि आवश्यक योजना अन्तिम चरणमा पुगेको उनले बताए ।

सोही कार्यक्रममा वातावरण पत्रिकाका सम्पादक बैजनाथ झाद्वारा स्थापित १२ औं वातावरण पत्रकारिता पुरस्कार २०७८ बाट पत्रकार महेन्द्र सदालाई सम्मानित गरिएको थियो ।

पत्रकार महासंघ सप्तरीका सभापति श्रवण देवको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रदेश २ मिडिया काउन्सीलका अध्यक्ष शिवहरि भटराई, पूर्व निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादव, प्रमुख जिल्ला अधिकारी जनार्दन गौतम, पत्रकार महासंघका केन्द्रिय सदस्य ललिता साह, प्रेस काउन्सीलका पूर्व सदस्य अनिल कुमार अनल, प्रदेश २ पत्रकार महासंघका सचिव भोला पासवान, महासंघका पूर्व सभापति मुरलीप्रसाद यादव, बिष्णु मण्डल, धिरेन्द्र प्रसाद साहलगायतले पनि आ-आफ्नो धारण सहित स्व. पत्रकार बुढाथोकीप्रति श्रद्धाञ्जली व्यक्त गरेका थिए ।

स्व. पत्रकार बुढाथोकीको जिवनी बारे महासंघका सल्लाहकार मनोहर पोखरेलले प्रकाश पारेका थिए ।

# इट्टाभट्टाको पर्खाल भत्किदा एक महिला कामदारको मृत्यु, दुई जना घाइते

**दैनिक समाचारदाता**
**राजविराज, २६ पुस ।**

सप्तरीको रुपनी गाउँपालिका ६ तेरहौतास्थित बिशाल इट्टा उद्योगमा इट्टाको चाङ्ग लगाउने क्रममा छेउमै रहेको पर्खाल भत्किदा एक महिला कामदारको मृत्यु भएको छ भने दुई जना कामदार घाइते भएका छन् ।

भत्केको पर्खालले च्यापिएर सोही वडा निवासी ५० वर्षिया जतरीदेवी सरदारको मृत्यु भएको हो । गम्भिर अवस्थामा उनलाई उपचारका लागि राजविराजस्थित छिन्नमस्ता अस्पतालमा पुऱ्याइएकोमा उपचारकै क्रममा उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधवप्रसाद काफ्लेले जानकारी दिए ।

उक्त घटनामा सोही इट्टाभट्टामा कामदार रहेका सप्तरीको अग्निसाईर कृष्णासवरण गाउँपालिका ४ का ५० वर्षिय मंगल सदा र भारत उत्तरप्रदेश रायबरेलीका ४० वर्षिय रमेश कुमार लाउदी गम्भिर घाइते भएका छन् ।

दुबै जनाको छिन्नमस्ता अस्पतालमै उपचार भइरहेको तथा घटना बारे आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# सहिद परिवारलाई तीन लाख दिइने

**दैनिक समाचारदाता**
**राजविराज, २६ पुस ।**

प्रदेश २ का अर्थमन्त्री एवं सरकारका प्रवक्ता शैलेन्द्र प्रसाद साहले आगामी माघ ५ गते बलिदानी दिवस यस पल्ट सप्तरीमा आयोजना गर्ने जानकारी दिएका छन् ।

नेपाल पत्रकार महासंघ सप्तरीद्वारा सोमबार राजविराजमा आयोजित २८ औं लोकेन्द्र स्मृती दिवसको अवसरमा मन्त्री साहले उक्त जानकारी दिएका हुन् ।

यस पटक प्रदेश सरकारले सप्तरीमा मनाउने बलिदानी दिवसमा मधेश आन्दोलनका क्रममा ५७ सहिद परिवारलाई तीन लाखका दरले आर्थिक सहयोग गरिने उनले जानकारी दिए ।

उनले घाइते भएकाहरुलाई समेत अवस्था र आवश्यकता अनुसार २५ हजारदेखी ३ लाखसम्म आर्थिक सहयोग उपलब्ध गराउने निर्णय भएको जानकारी दिए ।

# सरकारी कार्यालयमा कर्मचारीको चरम अभाव : प्रजिअ गौतम

**दैनिक समाचारदाता**
**राजविराज, २६ पुस ।**

सप्तरीका प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले जिल्लाका सरकारी कार्यालयहरुमा कर्मचारीको चरम अभाव भएको जानकारी दिएका छन् ।

२८ औं लोकेन्द्र स्मृती दिवसको अवसरमा सोमबार नेपाल पत्रकार महासंघ सप्तरीद्वारा आयोजना गरिएको कार्यक्रममा बोल्दै उनले सो जानकारी दिएका हुन् ।



उनले सरकारी कार्यालयहरुमा दरबन्दी अनुसार पदपूर्ती नहुँदा काम गर्न समस्या भइरहेको बताउँदै संचारकर्मीहरुले यो समस्यालाई समाचारका रुपमा प्रमुखताका साथ उठाइदिन अनुरोध पनि गरे ।

कार्यक्रममा मञ्चमै रहेका प्रदेश २ का अर्थमन्त्री शैलेन्द्र प्रसाद साहलाई आफूहरुको समस्याप्रति पहल गरिदिन आग्रह गर्दै उनले सरकारी कार्यालयमा काम नभएको भनी गुनासो आउने गरेको तर कर्मचारी नै नभएपछि सेवाग्राहीको काम समयमै कसरी सम्भव होला भन्ने मन्त्रीतिर इंगित गरे ।

सेवाग्राहीको गुनासो आएपछि आफूहरुले विभिन्न सरकारी कार्यालयमा छड्के गर्दा कर्मचारीको पदपूर्ती नभएका कारण कार्यालयनै समस्यामा रहेको अवस्था ज्ञात भएको उनले बताए ।

# पक्राउ परेका जनमतका ६ जना नेता कार्यकर्ता रिहा




**दैनिक समाचारदाता**
**राजविराज, २६ पुस ।**

किसान आन्दोलनका क्रममा पक्राउ परेका जनमत पार्टी सप्तरीका ६ जना नेता कार्यकर्ता सोमबार रिहा भएका छन् ।

सार्वजनिक शान्तिबिरुद्धको कसुरमा पक्राउ परेका जनमत पार्टीका जिल्ला अध्यक्ष चन्देश्वर मण्डल, सचिव थानेश्वर प्रसाद साह, कंचनरुप नगरपालिकाका अध्यक्ष अनिल पञ्जियार, हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. १ अध्यक्ष सुरेन्द्र मण्डल, नेता योगानन्द साह र महिनारायण साह रिहा भएका हुन् ।

जिल्ला प्रशासन कार्यालयले सोमबार जनही ५/५ सय धरौटी लिई उनीहरुलाई रिहा गरेको जनमत पार्टी सप्तरीका सचिव थानेश्वर प्रसाद साहले जानकारी दिएका छन् ।

पुस १६ गते शुक्रबार किसान आन्दोलनका क्रममा राजमार्ग अवरुद्ध गर्न खोज्दा जिल्लाको

*बाँकी अन्तिम पृष्ठमा*

## सम्पादकीय

# महामारीलाई ख्याल ख्यालमा नलिऔं, सर्तक रहौं

कोरोना महामारीको नयाँ भेरियन्ट ओमिक्रोन बिस्तारै नेपालमा पनि फैलिरहेको छ । सन् २०१९ को अन्तिम महिनामा विश्वव्यापी रुपमा देखापरेको कोरोनाको तेश्रो लहरको रुपमा अहिले ओमिक्रोन देखापरेको हो । उक्त वर्ष महामारी नियन्त्रण तथा रोकथाम गर्ने उद्देश्यले लकडाउन गरिएको थियो । महामारीको जोखिमकै बीचमा सरकारले लकडाउन खुकुलो पारेपछि जनजिवन सामान्य तर्फ उन्मुख हुँदै गएको थियो । तर, सन् २०२० मा समेत पुनः कोरोना महामारीको नयाँ प्रजातीको लक्षण देखापर्न थालेपछि विश्व पुनः त्रसित हुन पुगेको थियो । त्यसपछि सन् २०२१ को अन्ततिर ओमिक्रोन देखापरेपछि सन् २०२२ को पहिलो महिना जनवरीमा यो महामारी तिब्र रुपमा फैलिन थालेको छ । जुन अहिले नेपालमा पनि कोरोनाको नयाँ प्रजातीका लक्षणका साथ बिरामी फेला पर्न थालिएको छ ।

यस्तो अवस्थामा स्वास्थ्य मापदण्डसहित सर्तकताका अपनाउनु आवश्यक भएको छ । स्वास्थ्यसँग हेलचक्राई नगरि सरकारबाट जारि स्वास्थ्य मापदण्डका सुझावलाई पालना गर्न अत्यन्त आवश्यक भएको छ । कोरोनाको नयाँ रुप नेपाल भित्रिसकेको अवस्थामा सम्पूर्ण जनताले यसलाई गम्भिर रुपमा लिनुपर्छ । सरकारले महामारीबाट बच्न माघ १५ सम्म विद्यालयहरु समेत बन्द गर्ने निर्णय गरिसकेको अवस्था छ ।

यता महामारी बिरुद्ध खोप समेत लगाइएको छ र बाँकी रहेकाहरुलाई अहिले पनि खोप दिने कार्य भइरहेको छ । तर, खोप लगाएर पनि ढुक्क हुने अवस्था नरहेकोले आफै सतर्कता अपनाउनु अति आवश्यक ररहेको छ । तसर्थ यस्तो परिस्थितिमा जनता आफै सर्तक भई पूर्ण रुपमा स्वास्थ्य मापदण्डको पालना गर्नु पर्ने आवश्यकता रहेको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# प्रदेश २ मा कोरोनाको जोखिम बढेसँगै सतर्कता अपनाइँदै

धनुषा, २६ पुस (रासस) ।

मित्रराष्ट्र भारतमा कोरोना भाइरस सङ्क्रमण तीव्र गतिमा बढेसँगै त्यसको असर प्रदेश २ का जिल्लामा पनि देखिन थालेको छ । गत मङ्सिरको अन्तिम सातासम्म प्रदेश २ मा स्थिर देखिएको कोरोना भाइरस सङ्क्रमणको ग्राफ बिस्तारै बढ्दै जाँदा जोखिम बढेको हो ।

यस प्रदेशका विभिन्न जिल्लामा पछिल्लो दुई दिनमा ९९ जनाको स्वाब परीक्षण गरिएकामा १६ जनाको रिपोर्ट पोजेटिभ आएको प्रदेश २ को प्रदेश स्वास्थ्य निर्देशनालय सपही धनुषाले जनाएको छ । यता कोरोना भाइरसको नयाँ भेरियन्ट ओमिक्रोनको जोखिम बढेसँगै प्रदेश २ का जिल्लाका भारतसँग सीमा जोडिएका नाकामा कडाइ गरिएको बताइएको छ ।

छिमेकी राष्ट्र भारतमा दैनिक एक लाखभन्दा बढीमा सङ्क्रमण देखिएपछि त्यसको असर नेपालमा पर्नसक्ने भन्दै सुरक्षा निकायले सीमानाकामा कडाइ गरेको छ । सशस्त्र प्रहरी बल प्रदेश-२ का प्रमुख गणेश ठाडा मगरले प्रत्येक नाकामा हेल्प डेस्क राखेर एन्टिजेनलगायतका प्रविधिबाट कोरोना पहिचान गर्ने र पोजेटिभ देखिए तत्काल स्वास्थ्य चौकीमा पठाइने गरिएको जानकारी दिनुभयो ।

महोत्तरीको जलेश्वर भिठ्ठामोड, पर्साको वीरगञ्ज, रौतहटको गौर, सिरहाको माडर र औरहीस्थित नाकामा हेल्पडेस्क स्थापना गरी भारतबाट आउनेको स्वास्थ्य परीक्षण सुरु गरिसकेको छ । प्रहरीकै सक्रियतामा स्थानीय सरकार र प्रमुख जिल्ला अधिकारीको सहजीकरणमा पालिकामा पनि हेल्पडेस्क सञ्चालनमा ल्याउने तयारी भइरहेको छ ।

प्रदेश २ का बारा बाहेकका सबै जिल्लामा भन्सार कार्यालय छन् भने करिब ४६४ किलोमिटरमा भारतसँग खुला सीमा जोडिएको छ । प्रदेश २ का कतिपय स्थानीय तहले सुरक्षा निकायसँग सहजीकरण नगर्दा सुरक्षा अवस्था फितलो रहेको सशस्त्र प्रहरी बलको प्रदेश कार्यालयले जनाएको छ । ओमिक्रोन भाइरसको जोखिम बढ्नुका साथै सङ्क्रमितसमेत दैनिक वृद्धि हुनुले जनकपुरधामलगायतका प्रदेश २ का अधिकांश नाका कोरोनाको 'हटस्पट' बन्न सक्ने चिकित्सकले बताएका छन् ।

मुलुकको सबैभन्दा धेरै भन्सार कार्यालय र खुला नाकासमेत प्रदेश २ मा नै छन् । यस प्रदेशको आठ वटा जिल्लामा ३३ वटा भन्सार कार्यालय, ४१४ किमी मुख्य सडक, २२९ किमी मोटर बाटो र करिब ५५७ स्थानका गल्लीबाट नेपाल-भारत आवतजावत हुने गरेको छ । यति धेरै सम्पर्क स्थानबाट मानिसको सहजै र बाक्लो आवतजावत हुने भए पनि सम्बन्धित निकायबाट कडा निगरानी हुनुपर्ने अवस्था देखिएको छ ।

प्रदेश २ को प्रदेश स्वास्थ्य निर्देशनालयका निर्देशक विजय झाका अनुसार पछिल्लो केही दिनदेखि कोरोना सङ्क्रमितको सङ्ख्या बढ्दै जानु खतराको सङ्केत हो । लापरवाही गरे अवस्था अझै बिग्रन सक्ने झाको भनाइ छ । यता कोरोना सङ्क्रमणको ग्राफ बढ्दै गए पनि प्रदेश २ मा कोभिड-१९ विरुद्धको खोप लगाउनेको सङ्ख्या भने बढेको छैन ।

सरकारले २०७८ पुस मसान्तभित्र ६६ प्रतिशत नागरिकलाई कोभिड-१९ विरुद्धको खोप लगाउने लक्ष्य लिएकामा पुसको अन्तिम साता बित्नै लाग्दा प्रदेश २ मा ३८ प्रतिशतले मात्र खोप लगाएको प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ ।

निर्देशक झाले पुस महिना बित्नै लाग्दा यस प्रदेशमा पूर्ण डोज लगाउनेको सङ्ख्या ३८ प्रतिशत मात्र भएको बताउनुभयो । निर्देशक झाका अनुसार एक मात्र डोज खोप लगाउनेको सङ्ख्या सर्लाहीमा ६८, बारामा ६४, सिराहा र महोत्तरीमा ६२, धनुषामा ५४, पर्सामा ५१, सप्तरीमा ५० र रौतहटमा ३९ प्रतिशत रहेको छ ।

पुस महिनाभित्र ६६ प्रतिशतलाई खोप लगाइसक्ने सरकारको लक्ष्य पूरा गर्न दैनिक एक लाख २९ हजार ३४२ जनालाई खोप लगाउनुपर्नेमा अहिले यस प्रदेशमा दैनिक २२ हजार ३४६ जनालाई मात्र खोप लगाइरहेको निर्देशक झाले जानकारी दिनुभयो ।

स्थानीय तहका जनप्रतिनिधिले गम्भीरतापूर्वक नलिएका कारण खोप लगाउनेको सङ्ख्या नबढेको निर्देशक झाको भनाइ छ । कोरोना भाइरस सङ्क्रमण सुरु भएयता हालसम्म प्रदेश २ मा एक हजार ४० जनाले ज्यान गुमाइसकेका छन् । हालसम्म यो प्रदेशमा दुई लाख २३ हजार २१३ जनाको स्वाब सङ्कलन गरी परीक्षण गर्दा ३८ हजार ६७९ जना सङ्क्रमित भएका छन् । त्यसमध्ये ३७ हजार ५६९ निको भएर घर फर्किसकेको प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ ।

सम्भावित तेस्रो लहरबाट प्रदेशका नागरिकलाई जोगाउने तयारीमा प्रदेश सरकार जुटेको छ । कोरोना भाइरस सङ्क्रमणको जोखिम कम गर्न खोपलाई प्राथमिकता दिनुपर्ने र कोरोना फैलिन नदिन स्वास्थ्य सतर्कता अपनाउनुपर्ने सोचका साथ प्रदेश सरकार अघि बढेको प्रदेश २ का सामाजिक विकासमन्त्री नवकिशोर साहले बताउनुभयो । "खोप लगाउनेको सङ्ख्या निराशाजनक देखिएको छ", उहाँले भन्नुभयो, "त्यही भएर जिल्लाका स्वास्थ्य कार्यालय प्रमुख तत्काल खोप लगाउने कार्यलाई गति दिनुस् भने निर्देशन दिएका छौं ।"

केही दिनअघि मात्र यस प्रदेशका मुख्यमन्त्रीको उपस्थितिमा बसेको प्रदेश सरकारका मन्त्री, आठवटै जिल्लाका प्रजिअ, जिल्ला स्वास्थ्य प्रमुखको बैठकमा पनि तत्काल खोप लगाउने कामलाई अघि बढाउने निर्णयसमेत भएको मन्त्री साहको भनाइ छ ।

यसबाहेक कोरोनाको तेस्रो लहर आउनसक्ने जोखिमलाई दृष्टिगत गरी आठवटै जिल्लामा स्वास्थ्य सतर्कता बढाइएको बताइएको छ । "प्रदेशभरिका सबै अस्पताललाई औषधिसहित अक्सिजनलगायत स्वास्थ्य सामग्री तयारी अवस्थामा राख्न निर्देशन दिएका छौं", मन्त्री साहले भन्नुभयो, "सम्भावित तेस्रो लहर आउन नदिन अपनाउनुपर्ने सतर्कताबारे प्रजिअ र स्थानीय तहका जनप्रतिनिधिसँग नियमित समन्वय भइरहेको छ ।"

# आयल निगमका उपलब्धि : आपूर्ति र संस्थागत सुधार

काठमाडौं, २६ पुस (रासस) ।

नेपालमा पेट्रोलियम पदार्थको कारोबार गर्ने एकाधिकार पाएको नेपाल आयल निगमले पछिल्ला तीन वर्षमा आपूर्ति व्यवस्था र संस्थागत सुधारमा उल्लेख्य सफलता हासिल गरेको छ ।

कार्यकारी निर्देशकका रुपमा सुरेन्द्र पौडेलको नेतृत्वमा निगमले पेट्रोलियम पदार्थको आपूर्ति तथा बिक्री, पूर्वाधार निर्माण, प्रविधिको प्रयोग र पेट्रोलियम पदार्थको विकल्पको खोजीमा फड्को मारेको हो ।

निगमको संस्थागत छवि तथा व्यवस्थापकीय सुधारमा केन्द्रित कार्यकारी निर्देशक पौडेलको तीनवर्षे कार्यकाल गत बिहीबारदेखि सकिएको छ । यसबीचमा उहाँ जनताको नजरमा निगमको बिग्रेको छबिमा सुधार ल्याउन र पेट्रोलियम पदार्थको सहज आपूर्ति गराउन केही हदसम्म सफल हुनुभएको जानकारको भनाइ छ ।

कोरोना महामारीको विषम परिस्थितिमा पनि निगमले पेट्रोलियम पदार्थको आपूर्ति र बिक्रीमा कुनै व्यवधान आउन दिएन । 'लकडाउन'को समयमा डिजेल, पेट्रोल तथा खाना पकाउने ग्यासको बिक्री वितरणमा निगमले निर्वाह गरेको भूमिकाको अहिले पनि सर्वत्र प्रशंसा भइरहेको छ ।

लकडाउनमा सबैभन्दा बढी समस्या एलपी ग्यासमा देखिएको थियो । महामारीमा लामो समयसम्म लकडाउन हुनसक्ने डरले अधिक भण्डारण बढ्न थालेपछि त्यो समयमा ग्यास अभावको अवस्था भएको थियो । त्यतिबेला निगमलले आधा सिलिन्डर ग्यास भर्ने निर्णय गरेर अधिक भण्डार गर्ने अवस्था अन्त्य गरिदियो । यो कदमपछि झन्डै १५ दिनमै ग्यासको वितरण प्रणालीलाई सहज तुल्याएको थियो ।

महामारीका समयमा आफ्ना माग पूरा गराउन विभिन्न स्वार्थ समूहबाट आपूर्तिमा अवरोधसम्मको प्रयासलाई निगमले निरर्थक बनायो । कोरोना सङ्क्रमण र खोपको सहज वितरण नभएका कारण ढुवानीकर्ता ढुवानी गर्न नसक्ने अवस्थामा पुगेका थिए । त्यसबीचमा 'फ्रन्टलाइन'मा खटेर सेवा दिने अधिकांश कोरोना सङ्क्रमित हुन पुगेका थिए । सरकारले खोपको व्यवस्था नगर्दा उनीहरु काम गर्न नसक्ने अवस्थामा पुगे पछि निगमले व्यावसायीका लागि सरकारसँग पहल गरेर खोपको व्यवस्था गरेको थियो ।

सीमावर्ती नेपाली भूभागमा आपूर्ति अवरोध देखाउँदै २०७२ सालमा भारतले गरेको नाकाबन्दीपछि पेट्रोलियम पूर्वाधार निर्माणबारे एउटा जबर्जस्त मान्यता स्थापित भयो । पाइपलाइनबाट पेट्रोलियमको आपूर्ति गर्ने र कम्तीमा तीन महिना भण्डारण गर्ने सरकारी नीतिकै कारण पाइपलाइन र डिपो निर्माणसम्बन्धी योजना यही अवधिमा कार्यान्वयनमा गए ।

पूर्वमा भारतको सिलिगुडीदेखि झापाको चारआलीसम्म, मध्यमा मोतीहारी-अमलेखगञ्ज हुँदै लोथर (चितवन)सम्म र पश्चिममा भारतको मटीहानीदेखि कञ्चनपुरको महेन्द्रनगरसम्म पाइपलाइन निर्माण गर्ने योजना निगमले बनाउनाका साथै भैरहवा, अमलेखगञ्ज, पोखरालगायत स्थानमा पेट्रोलियम भण्डारण गृह निर्माणको काम अगाडि बढाइसकेको छ । डिपोको निर्माण मात्रै नभएर यसभित्रका सबै पक्षको आधुनिकीकरणका समेत काम भएका छन् । निगमले भैरहवा र नेपालगञ्जमा आफ्नै स्वामित्वमा सुविधासम्पन्न पेट्रोल पम्पको निर्माण समेत गरिसकेको छ ।

निगमले इन्टरप्राइजेज रिसोर्स प्लान (इआरपी) नामको एकीकृत सफ्टवेयर सिस्टमलाई कार्यान्वयनमा ल्याएको छ । भुक्तानी प्रणालीलाई समेत एकीकृत गरेर पूर्ण अटोमेसनमा लैजाने काम भइरहेको निगमले जनाएको छ ।

आफैं पेट्रोलियम पदार्थको कारोबार गर्ने भए पनि निगमले पेट्रोलियम पदार्थको खपत कम गराउन तथा कार्बनरहित क्लिन इनर्जीलाई प्रवर्द्धन गर्न काठमाडौं विश्वविद्यालयसँग साझेदारी गरेर हाइड्रोजन इनर्जीका बारेमा पनि अध्ययन गरिरहेको छ । पछिल्ला अनुसन्धानले नेपालमा हाइड्रोजन ग्यास तथा ग्रीन मिथेन ग्यासको सम्भावना देखाएको छ । निगमको नेतृत्वका रुपमा पौडेलले गरेको सुधारका कदमलाई मूल्याङ्कन गर्दै सरकारले उहाँको अवधिलाई सन्तोषजनकरुपमा लिएको बताइएको छ ।

उल्लेख्य सफलताका बीच पनि निगमले व्यावसायीको जायज चासोलाई सम्बोधन गर्न कन्जुस्याइँ गरेको महसुस निजी क्षेत्रले गरेको छ । निगमसँग ढुवानीकर्ता, डिलर, ग्यास उद्योग, बिक्रेतालगायत विविध पक्ष जोडिएका छन् ।

नेपाल एलपी ग्यास उद्योग सङ्घका पूर्वअध्यक्ष एवं ग्यास उद्योगी शिव घिमिरे आपूर्ति व्यवसायीपनको दृष्टिकोणबाट हेर्दा कार्यकारी निर्देशकको कार्यकाल सफल भएको बताउनुहुन्छ । "उपभोक्ताको दृष्टिकोणबाट हेर्दा यो अवधिमा पेट्रोलियम पदार्थको आपूर्ति र बिक्री सहजरुपमा भयो । मूल्यमा तलमाथि भए पनि यो बीचमा पेट्रोलियम पदार्थको अभाव भएन", उहाँ भन्नुहुन्छ, "यो हिसाबले हेर्दा उहाँको कार्यकाललाई सफल मान्न सकिन्छ । यद्यपि उहाँप्रति सरोकारवालाका कयौं गुनासा पनि छन्, गर्न सकेर पनि गर्न नचाहेका कामहरुको सूची पनि लामै छ ।"

अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थमा वृद्धि भएको मूल्यका कारण उद्योगी व्यवसायीको लागत पनि बढेको अवस्था भए पनि व्यवसायीले लाभ पाउन नसकेको भनाइ पनि छ । नेपाली व्यवसायीले किनेको बुलेटलाई सहज अवस्थामा चल्ने वातावरण बनाउन नसक्नु निगमको कमजोरी भएको निजी क्षेत्रको गुनासो छ ।

बाँकी तीन पृष्ठमा

# ‘राष्ट्रपिताको तुलना अरूसँग हुन सक्दैन’

काठमाडौँ, २६ पुस (रासस)।

आधुनिक नेपालमा बसोबास गर्ने नेपालीले जति आँखा चिम्ले पनि बिर्सन नसक्ने पात्रका रुपमा राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको स्थान छ। मुलुकको भौगोलिक अखण्डता, सार्वभौमिकता र स्वतन्त्रता अक्षुण्ण राख्न उनका पाइलामा अघि बढ्दै जानुपर्नेमा इतिहास तथा संस्कृतिविद् र बुद्धिजीवीले आह्वान गरेका छन्।

विसं १७७९ पुस २७ गते गोरखामा जन्मी विसं १७९९ चैत २५ गते राजा भएसँगै नेपाल एकीकरण अभियान सुरु गर्नुभएका उनका नेतृत्वमा बाइसे चौबिसे राज्यमा छरिएका भूभागलाई एकीकरण गरेर आधुनिक नेपालको निर्माण गरिएको हो। विसं २०६२/६३ को दोस्रो जनान्दोलन अगाडिका सरकारले जन्मजयन्तीलाई राष्ट्रिय एकता दिवसका रुपमा मनाउनका साथै उक्त दिन सार्वजनिक बिदा दिने गरेकामा राजनीतिक परिवर्तनसँगै त्यो प्रचलनको अन्त्य गरिएको थियो। विभिन्न जाति र समुदायले सजिएको मुलुकका केही स्थानमा राष्ट्रनिर्माताका योगदानलाई सङ्कुचित पार्न एकीकरणको औचित्यमाथि नै प्रश्न उठाउने, सालिक भत्काउनेसम्मका कार्य गरिएका थिए।

साहित्यकार मोदनाथ प्रश्रित, संस्कृतिविद् डा रमेश ढुङ्गेल, पर्यटन व्यवसायी भरत बस्नेतलगायतको समूहले राष्ट्र निर्माणको गौरव तथा इतिहासलाई संरक्षण गर्नुपर्ने अभियान सञ्चालन गरेर नुवाकोटलगायत केही भत्काइएका स्थानमा सालिक पुनः स्थापना गरेको थियो।

मुलुकमा गणतन्त्र स्थापना भएपछि तत्कालीन राष्ट्रिय प्रजातन्त्र पार्टीलनेपालले पृथ्वीजयन्तीलाई राष्ट्रिय एकता दिवसका रुपमा मनाउन विचार गोष्ठी तथा शुभकामना आदानप्रदानको शुरुआत गरेको थियो। सो पार्टी राष्ट्रिय प्रजातन्त्र पार्टीमा समाहित भएपछि पनि पृथ्वीजयन्तीका दिन हुने कार्यक्रमलाई निरन्तरता दिइएको छ।

इतिहासको अपव्याख्या गरेर नेपाल एकीकरणकर्ताको जन्मदिनलाई बिर्साउने गरी भएको गल्तीलाई सच्याएर नेपाली नोटमा पृथ्वीनारायणको तस्विर अङ्कित गर्न राप्रपाले माग गर्दै आएको छ। पार्टीले देशैभर रहेका सबै जिल्ला कमिटीलाई पृथ्वीजयन्तीका दिन राष्ट्रिय एकता दिवस मनाउन परिपत्र गरेको छ।

नेपाली सेनाले नेपाल राष्ट्र एकीकरणका सन्दर्भमा प्रयोग भएको मार्गमा केही वर्षदेखि पृथ्वीजयन्तीका अवसरमा गोरखाबाट काठमाडौँसम्म ‘एकीकरण पदयात्रा’ गर्दै आएको छ। सेना, स्थानीय जनता र विद्यार्थी सामेल पदयात्रा पुस २० गते गोरखाबाट सुरु भई धादिङ, नुवाकोट र नागार्जुन हुँदै पुस २७ गते हनुमानढोका आइपुग्ने छ।

गोरखाका राजा नरभूपाल र रानी कौशल्यावतीका छोराका रुपमा जन्मिएका शाहलाई ‘रामायण’, ‘महाभारत’ र ‘शुक्रनीति’ जस्ता ग्रन्थबाट राज्य सञ्चालनसम्बन्धी ज्ञान दिइएको थियो। इतिहासविद्का अनुसार धनुवाण, तरबार, युद्धकला, घोडसवारी दौडमा युवावस्थादेखि नै शाहको लगाव भएकाले उनी युद्धमा निपुण थिए।

त्यतिबेला गोरखामा एक हजार २०० घरधुरी थिए। त्यहाँका जनतालाई आवश्यक अन्नपात उत्पादन हुँदैनथ्यो। त्यसैकारण नजिकका कमजोर राज्यलाई समाहित गर्दै काठमाडौँ उपत्यकालाई एकीकरणका माध्यमबाट प्राप्त गर्ने योजना बनाएका शाहले विसं १७९८ मा काठमाडौँ आउँदा गोरखा दरबारबाट ल्याएका केही वस्तु भक्तपुरका राजा रणजित मल्ललाई उपहारका रूपमा दिने अवसर प्राप्त गरेका थिए। उनले चाँगुनारायण, पशुपति र गुहेश्वरी दर्शन गर्ने क्रममा उपत्यकाको भूभागलाई एकीकरण गर्ने इच्छा राखेका थिए। नेपाल प्रज्ञा-प्रतिष्ठानका उपकुलपति जगमान गुरुङले तत्कालीन समयमा लमजुङ सैन्य मामिलामा गोरखाभन्दा बलियो भए पनि मुलुकको एकीकरणमा योगदान गर्न नसकेको बताउनुभयो।

उहाँका अनुसार उनीहरूलाई अर्तीबुद्धि दिने समूह थिएन। राष्ट्रको पुनःएकीकरण गरेका शाहको योगदान अतुलनीय छ। मकवानपुरकी राजकुमारी इन्द्रकुमारीसँग विवाह गरेका उनले करिब २० वर्षको उमेरमा राजा भएपछि एकीकरणका क्रममा मकवानपुर पनि कब्जा गरेका थिए। विसं १८०१ असोज १५ मा नुवाकोटमा आक्रमण गरी एकीकरणको शुरुआत गरेका थिए।

एकीकरणका क्रममा शाहले विसं १८१४ देखि तीनपटक कीर्तिपुरमा आक्रमण गरेका थिए। उनले कीर्तिपुरवासीसँग दुई पटक पराजित भएर पनि तेस्रो पटकको प्रयत्नमा विजय हासिल गरेका थिए। काठमाडौँ, ललितपुर र भक्तपुरबाट सैन्य सहयोग प्राप्त गरेको कीर्तिपुरसँगको युद्धमा गोरखाली सेनाले ठूलो क्षति भोग्नुपरेको थियो। त्यसबेला शाहको दाहिने हात मानिने काजी कालु पाँडेको मृत्यु भएको थियो।

विसं १८२१ मा उनका भाइ शूरप्रतापका नेतृत्वमा दोस्रो पटक कीर्तिपुर आक्रमण भएको थियो। सो युद्धमा उपत्यकाबाट कीर्तिपुरलाई सैनिक सहयोग प्राप्त हुन नसके पनि त्यसका जनताले गोर्खाली सैनिकलाई लखेटेका थिए। शूरप्रतापको आँखा फुटेको थियो।

कीर्तिपुरमाथि तेस्रो पटकको युद्धको नेतृत्व कालु पाँडेका छोरा काजी वंशराजले गरेका थिए। उनले कीर्तिपुरलाई चारैतिरबाट घेरा हालेर आक्रमण गरी विजय प्राप्त गरेका थिए। वंशराजलाई काजी नियुक्त गरी केहरसिंह बस्न्यातको नेतृत्वमा सैनिक संरचना पुनःगठन गरेर तेस्रो पटकको युद्धमा विजय भएपछि काठमाडौँ उपत्यकाका शासक डराएका थिए। क्रमिकरुपमा ससाना विभिन्न राज्य जोड्ने र त्यसको रक्षा गर्ने रणनीतिमा गोरखाली सेना थियो। त्यतिखेर गोरखालीसेनाले काठमाडौँ उपत्यकामा नियन्त्रण राख्न सकेको थिएन।

विसं १८२४ असोज १५ गते गोरखाली सेनाले सिन्धुलीगढीमा इस्ट इण्डिया कम्पनी सेनासँग गरेको युद्धलाई महत्वपूर्ण मानिन्छ। काठमाडौँका तत्कालीन राजा जयप्रकाश मल्लको सहयोगार्थ आएका इस्ट इण्डिया कम्पनी सैनिक सिन्धुलीगढीमा गोरखाली सेनासँग युद्ध गरी उनीहरूले जितेका राज्यसमेत कब्जा गर्ने उद्देश्यले आएका थिए। पूर्वमा जापानदेखि पश्चिमका ल्याटिन अमेरिकी भूभागमा फैलिएको बेलायती साम्राज्यलाई रोक्न शाहका नेतृत्वमा सञ्चालन भएको एकीकरण अभियानलाई सफल बनाउन अङ्ग्रेजसँग युद्ध भएको थियो।

सो स्थानमा गोरखाली सेनाले ‘किन लक’ नेतृत्वको दुई हजार ४०० अङ्ग्रेज सैनिकसँग युद्ध गरी एक हजार ६०० सैनिकलाई मारेको इतिहास छ। देशको गौरव बढाउने युद्धका रुपमा त्यसलाई लिइएको छ।

बेलायती सेनासँग अत्याधुनिक हातहतियार भए पनि गोरखाली सेनाले स्थानीयवासीका सहयोगमा घरेलु हतियारले युद्धमा सफलता कायम गरी मुलुकको भूगोल रक्षा गरेका थिए। सोही कारण नेपालीको शिर सधैँ उच्च रहेको छ र नेपालले आजसम्म स्वाभिमानी राष्ट्रका रुपमा आफूलाई चिनाउँदै आएको छ। करिब दुई हजार ५०० मिटर अग्लो स्थान सिन्धुलीगढीमा अहिले सेनाले पहिलो युद्ध सङ्ग्रहालय निर्माण गरेको छ। रु चार करोड ५० लाख खर्चमा बनेको सङ्ग्रहालयमा तत्कालीन युद्धमा प्रयोग गरिएका सैनिक पोशाक, हातहतियार, अन्य सैन्य सामग्री र त्यस युद्धमा प्रयोग भएका अरू ऐतिहासिक वस्तु तथा सामग्री सङ्कलन गरिएका छन्। त्यसबेलाको सैन्य संस्कृति, युद्धावस्था र हाम्रो सभ्यतासँग जोडिएको सङ्ग्रहालयमा तत्कालीन छ शिलालेखसमेत राखिएका छन्। ती शिलालेख देवानगरीमा लेखिएका छन् र केही अस्पष्ट देखिन्छन्।

काठमाडौँदेखि १५० किलोमिटर दूरीमा रहेको सिन्धुलीगढी नेपाली स्वाभिमानको प्रतीक मात्र नभई आधुनिक नेपालका लागि गौरवपूर्ण इतिहास बोकेको स्थल पनि हो। विदेशी हमलालाई परास्त गरेर राष्ट्रिय स्वाभिमानलाई सधैँ उँचो बनाएको सिन्धुलीगढी नेपाल-अङ्ग्रेज युद्धको जीवित दस्तावेज हो। विसं १८२५ मा काठमाडौँलाई एकीकरण गरेका गोरखाली सेनाले क्रमशः ललितपुर र भक्तपुरमाथि पनि विजय गरेको थियो। राष्ट्रनिर्माता शाहले शिवपुरी, फूलचोकी, चन्द्रगिरि, महादेवपोखरी, पालुङ, दाप्चा र काहुलेमा बलियो सैन्य किल्ला तयार पार्न र प्रत्येकमा तोप राख्न सुझाव दिएको इतिहास छ।

विसं २०६२/०६३ को आन्दोलनपछि बनेको गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारले पृथ्वीजयन्तीमा बिदा कटौतीको निर्णय गरेसँगै सरकारले त्यतिखेरदेखि नै पृथ्वीजयन्ती र राष्ट्रिय एकता दिवसका अवसरमा औपचारिक कार्यक्रम आयोजन गर्न छाडेकामा विसं २०७४ मा शेरबहादुर देउवा नेतृत्वको सरकारले झन्डै ११ वर्षपछि सार्वजनिक बिदा दिएर सिंहदरबारको मुख्य प्रवेशद्वारअगाडि रहेको शाहको सालिकमा फूलमाला चढाएको थियो। त्यसपछि केपी शर्मा ओली नेतृत्वको सरकारले पुनः बिदा कटौती गरेपछि सरकारीस्तरमै कार्यक्रम भएका छैनन्। नेपाल र नेपालीको नाम र पहिचान दिने शाहका स्मृतिमा पृथ्वीजयन्तीका दिन राष्ट्रिय एकता दिवस मनाउने पहिलेको परम्परालाई निरन्तरता दिनुपर्ने कवि अमर बान्तुले बताउनुभयो।

आफ्ना भारदारलाई एकीकरण अभियानमा उठाउनुपरेको कष्ट, सफल बनाउन लिएका नीति तथा राज्यलाई जोगाउन सन्ततिले ध्यान दिनुपर्ने विषयवस्तुका विषयमा उहाँले दिनुभएको ‘दिव्योपदेश’ आज पनि उत्तिकै सान्दर्भिक छ। ती उपदेशमा गृहनीति, परराष्ट्रनीति, अर्थनीति, खेतीयोग्य जमिनको रक्षा, खानी, लडाकु सैनिक र शस्त्र सङ्ग्रह गरी देशको रक्षा गर्ने विषयवस्तु समेटिएका छन्।

नेपाल चार जात ३६ वर्णको फूलबारी भएको जनाउँदै त्यसमा घुस लिने र घुस दिने दुवै अपराधी भएको बताइएको छ। त्यस्तै राष्ट्रको समृद्धिका लागि स्थानीय उत्पादनलाई जोड दिइएको छ। स्थानीय सम्पत्ति देशबाट बाहिर जान नहुने, नेपाली जडिबुटीलाई विदेशी भूमिमा बेच्न र यसबाट प्राप्त सम्पत्ति देशमा फिर्ता ल्याउन प्रोत्साहन गर्नुपर्नेलगायत उपदेश अहिले पनि सान्दर्भिक रहेको कवि बान्तुले बताउनुभयो। शाहले दुःखले आर्जेको मुलुकमा बस्ने हामी नेपालीले राष्ट्रनिर्माताका रुपमा उहाँलाई सम्मान गर्नुपर्ने बताउँदै उहाँले भन्नुभयो, ‘देशै नरहे हाम्रो अस्तित्व हुँदैन, हामी नेपाली हुने थिएनौँ, केही अतिवादीले शाहको फोटोमा थुक्ने गरेका छन्, उनीहरूबाट हामीले के अपेक्षा गर्ने ? ती विखण्डनकारी हुन्, त्यस्ताबाट हामी चनाखो हुनुपर्छ।”

शाह आदिवासी जनजाति विरोधी नभएको बरु सामाजिक न्याय र समानताको प्रेरक भएको उहाँले प्रष्ट पार्नुभयो। कवि बान्तुले भन्नुभयो, ‘ उनको जन्मजयन्ती नमनाउनु भनेको हाम्रो राष्ट्रिय दिवस नमनाउनु जस्तै हो, राष्ट्रपिताको तुलना अरू कसैसँग हुन सक्दैन।

कतिपय आदिवासी जनजाति संस्थाका अगुवाले राष्ट्रनिर्माता शाहको आलोचना गर्ने गरेका छन्। विश्लेषक विश्वभक्त दुलाल आहूति भने शाह सामन्तवादी राजा भएको जनाउँदै उनले हस्तक्षेपपूर्ण तरिकाले गोरखा राज्य विस्तार गरेर विविधतामा रहेका नेपालीलाई एकल भाषा र संस्कृति अवलम्बन गर्न बाध्य बनाएको विचार व्यक्त गर्नुभयो। शाहले फरक सभ्यताका बीचमा आदिम सभ्यता लादेको आरोप पनि उहाँले लगाउनुभयो।

राप्रपाका नेता तथा विश्लेषक सुन्दर पाण्डे त्यसबेला शाहका नेतृत्वमा हाम्रा पुर्खाले बल, बुद्धि र विवेकले छरिएका राज्यलाई एकीकरण नगरेको भए आधुनिक नेपालको इतिहास निर्माण हुन नसक्ने बताउनुहुन्छ। मुलुकमा राष्ट्रिय एकताको भाव जगाउन सरकार र दलहरू लाग्नुपर्ने उहाँको सुझाव छ।

### आयल निगमका ...

पूर्वकार्यकारी निर्देशक पौडेल भन्नुहुन्छ, “मैले आफ्नो कार्यकालमा गरेको कामले निगमको मागको मार्गचित्र तय गर्ने प्रयास गरेको छु। यसलाई पूर्णता दिने काम अबको नेतृत्वले गर्छ भन्ने अपेक्षा छ।”

अल्पकालीनरुपमा आपूर्ति सहजीकरण मात्रै निगमको उद्देश्य थिएन। दीर्घकालसम्म सहज आपूर्तिको सुनिश्चितताका लागिसमेत पूर्वाधार निर्माण गर्ने मुख्य चुनौती निगम नेतृत्वसमक्ष थियो। उहाँ भन्नुहुन्छ, “मैले आफ्नो क्षमताले भ्याएसम्म राम्रो गर्ने प्रयास गरेँ। अब यसको मूल्याङ्कन गर्ने जिम्मा आम जनता र सरोकारवालालाई दिन्छु। उहाँहरुको स्वतन्त्र मूल्याङ्कनलाई सहर्ष स्वीकार गर्नु र भावी दिनमायसलाई सन्दर्भ सामाग्रीका रुपमा प्रयोग गरेर अगाडि बढ्छु।”

## विश्व समाचार

### भारतमा ओमिक्रोनका संक्रमित चार हजार ३३ पुग्यो

नयाँदिल्ली, २६ पुस (रासस/एएनआई)।

भारतमा गत २४ घण्टामा कोरोना भाइरसबाट थप एक लाख ७९ हजार ७२३ सङ्क्रमित भएका केन्द्रीय स्वास्थ्य र परिवार कल्याण मन्त्रालयले सोमबार जानकारी दिएको छ। यसैसँगै भारतमा कोरोना सुरु भएदेखि हालसम्म तीन करोड ५५ लाख २८ हजार भन्दा बढी सङ्क्रमित भएका छन्।

हाल यहाँ चार हजार ३३ जना ओमिक्रोनका सङ्क्रमित रहेका पनि सो मन्त्रालयले सोमबार जानकारी दिएको छ। भारतमा अहिले सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या सात लाख २३ हजार ६१९ रहेका छन्। गएको २४ घण्टामा भारतमा ४६ हजार ५६९ कोरोनाबाट मुक्त भएका छन्। यसैसँगै कोरोना सुरु भएयता हालसम्म तीन करोड ४५ लाख १७२ जनालाई कोरोना सङ्क्रमण निको भएको छ। यहाँ कोरोना भाइरस निको हुने दर ९६.६२ प्रतिशत रहेको जनाइएको छ।

सोही अवधिमा थप १४६ को कोरोना सङ्क्रमणका कारण मृत्यु भएको छ। यसैसँगै भारतमा कोरोनाका कारण ज्यान गुमाउने व्यक्तिको सङ्ख्या चार लाख ८३ हजार ९३६ जना पुगेको मन्त्रालयले थप जानकारी दिएको छ।

कोरोना सुरु भएदेखि हालसम्म ६९ करोड १५ लाख भन्दा बढी व्यक्तिको कोरोना परीक्षण भएको छ। यहाँ सन् २०२१ को जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान सुरु भएको थियो। सो समयदेखि हालसम्म एक अर्ब ५१ करोड ९४ लाख ५ हजारभन्दा बढी डोज खोप लगाइएको छ।

### सोमालियाली सेनाको कारबाहीमा २१ अल-शबाब लडाकू मारिए

मोगादिसु, २६ पुस (रासस/सिन्ह्वा)।

सोमाली राष्ट्रिय सेना (एसएनए) र गाल्मुदुग क्षेत्रीय सेनाको समर्थनमा मध्य सोमालियाको एक सहरमा हुन लागेको एक आक्रमणलाई असफल पारिएको जनाइएको छ । सोही क्रममा सेनाले गरेको कारबाहीको क्रममा २१ अल-शबाब लडाकूहरूलाई मारिएका एसएनएका अधिकारीहरु जनाएका छन् ।

एसएनएकाअनुसार यस कारबाहीमा परी १३ औं बटालियनका कमाण्डरसहित चार सैनिक र २१ अल शबाब आतङ्ककारी मारिएका छन्। एसएनए र गाल्मुदुग क्षेत्रीय सेनाले बीरतापूर्वक आक्रमणलाई असफल गरेको र २१ आतंककारीहरु मारिएक सरकारी स्वामित्व रहेको राष्ट्रिय टेलिभिजनले जनाएको छ।

मध्य र दक्षिणी क्षेत्रहरुमा अल-शबाब लडाकूहरुविरुद्ध सरकारी सेनाहरूद्वारा तीव्र कारबाहीहरु जारी रहेको छ। लडाकूहरूले अझै पनि ग्रामीण इलाकाहरू नियन्त्रण गर्ने र एम्बुसहरु थापेर विस्फोट गराउने कामहरु गर्दै आएका छन्।

### कजाकस्तानमा प्रदर्शनका क्रममा १६४ जनाको मृत्यु, ५ हजारभन्दा बढी पक्राउ

अल्माटी, कजाकिस्तान, २६ पुस, (रासस-एएनआई)।

कजाकिस्तानमा हिंसात्मक उथलपुथलमा कम्तिमा १६४ व्यक्तिको मृत्यु भएको छ भने ५,००० भन्दा बढीलाई हिरासतमा राखिएको छ। कजाकिस्तानको स्वास्थ्य मन्त्रालयलाई उद्धृत गर्दै आइतबार राज्य सञ्चालित टिभी स्टेसन खबर २४ ले प्रकाशित गरेको मृत्युको संख्यामा उल्लेख्य वृद्धि भएको पनि सीएनएनले रिपोर्ट गरेको छ।

कजाकिस्तानको सरकारी सञ्चारमाध्यमका अनुसार कजाकस्तानमा भएको विरोध प्रदर्शनमा संलग्न भएको आशंकामा अहिलेसम्म कम्तिमा ५,१३५ व्यक्तिलाई पक्राउ गरिएको देशको आन्तरिक मामिला मन्त्रालयले जनाएको छ।

इन्धनको मूल्यमा भएको ठूलो वृद्धिले कजाकहरू क्रुद्ध भएका छन्। कजाकस्तान तेल र प्राकृतिक ग्याँसको निर्यातकर्ता हो र मध्य एसियाली देशमा विरोध प्रदर्शनले सरकारको राजीनामा र रुसका सैनिक परिचालन सहित सङ्कटकालको घोषणा गरेको छ।

### नेत्री सुकीलाई थप जेल सजाय

याङ्गुन, २६ पुस, (रासस-एएफपी)।

म्यानमारको अदालतले सोमबार आङ सान सुकीलाई तीन आपराधिक आरोपमा दोषी ठहर गर्दै चार वर्षको जेल सजाय सुनाएको छ।

नोबेल पुरस्कार विजेता नेत्री सुकीलाई फेब्रुअरी १ देखि हिरासतमा राखिएको छ । हाल म्यनमारको सैनिक शासन यता १,४०० भन्दा बढी नागरिकहरू मारिएका छन्, थुप्रै पक्राउ परेका छन् र शृङ्खलाबद्ध विद्रोहहरू भइरहेका छन्।

स्रोतले एएफपीलाई दिएको जनाकारी अनुसार ७६ वर्षीय वृद्धालाई अवैध रूपमा वाकी-टकीहरू आयात गर्ने र स्वामित्व राख्ने र कोरोनाभाइरस नियमहरू उल्लंघन गरेको दुई आरोपमा दोषी ठहराइएको छ। जुनटाका प्रवक्ता मेजर जनरल जाव मिन टुनले उक्त फैसला र सजायको पुष्टि गरेका छन्।

# किसानहरुको मागप्रति तिलाठी कोइलाडीको ऐक्यबद्धता

**दैनिक समाचारदाता**
**राजविराज, २६ पुस ।**
सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाका अध्यक्ष सतिश कुमार सिंहले ११ सुत्रिय माग राखी आन्दोलनरत तिलाठी कोइलाडी गाउँपालिकाको किसान आन्दोलन संघर्ष समितिको माग प्रति ऐक्यबद्धता जनाएका छन् ।

सोमबार एक विज्ञप्ति जारि गर्दै अध्यक्ष सिंहले किसानहरुको उचित मागहरु अबिलम्ब पूरा गर्न संघीय तथा प्रदेश सरकारसँग आग्रह गरेका छन् ।

जारि विज्ञप्तिमा भनिएको छ, "देशमा खाद्यान्न आपूर्ति गर्ने प्रमुख वर्ग किसान अहिलेको अवस्थामा चौतर्फी मारमा परेका छन् । एकातिर समयमा मलखाद, बीऊबिजन नपाइरहेको अवस्था छ भने अर्कोतिर उब्जाइएका फसलको उचित मूल्य समेत नपाइरहेको अवस्था विद्यमान छ ।"

विज्ञप्ति मार्फत तिलाठी कोइलाडी गाउँपालिकाले गत असारमा सम्पन्न पाँचौं गाउँ सभाबाट किसानको खेतबारीमा रहेको कृषि मिटरको न्युनतम महसुल गाउँपालिकाले तिर्ने र सो को लागि सेवाप्रदायक संस्था खल्तीसँग सम्झौता समेत भईसकेको जानकारी गराइएको छ ।

# माघ १५ गतेसम्म विद्यालय बन्द

काठमाडौं, २६ पुस (रासस) ।
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले यही पुस २७ गतेदेखि विद्यालय बन्द गर्ने निर्णय गरेको छ । मन्त्रालयका प्रवक्ता दीपक शर्माले कोरोना भाइरसको सङ्क्रमण बढ्दै गएपछि यही पुस २७ गतदेखि माघ १५ गतेसम्म विद्यालय बन्द गर्ने निर्णय गरिएको जानकारी गराउनुभयो ।

कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र (सिसिएमसी)को सिफारिसका आधारमा मन्त्रालयले विद्यालय बन्द गर्ने निर्णय गरेको हो । "हालैका दिनमा कोभिड-१९ को सङ्क्रमण तीव्ररूपमा फैलिनाका साथै ओमिक्रोन भेरियन्टको सङक्रमणकोसमेत बढ्न थालेकाले विद्यार्थीको स्वास्थ्य, सुरक्षा तथा बचावटका लागि विशेष ध्यान दिँदै देशभरका सबै आधारभूत तथा माध्यमिक विद्यालयको वार्षिक बिदामा मिलान हुने गरी यही पुस २७ गतेदेखि २०७८ माघ १५ सम्म बिदा दिने निर्णय गरिएको छ", जारी विज्ञप्तिमा उल्लेख छ ।

मन्त्रालयले बिदाको उक्त अवधिमा १२ वर्षदेखि १७ वर्ष उमेर समूहका विद्यार्थीलाई सबै स्थानीय तहमा रहेको स्वास्थ्य चौकीमार्फत खोप लगाउने कार्यक्रम रहेकाले विद्यालयसँग सम्पर्क गरी तोकिएको दिनमा खोप लगाउने कार्यमा आफ्ना बालबालिकालाई पठाउन पनि अभिभावकमा अनुरोध गरेको छ ।

बिदाको अवधिमा विद्यालयले सिकाइ सहजीकरण निर्देशिका-२०७७ ले गरेको व्यवस्थाबमोजिम विद्यार्थीको सिकाइमा आवश्यक सहजीकरण गर्ने प्रबन्ध मिलाउन पनि आग्रह गरिएको छ ।

मन्त्रालयले विश्वविद्यालय र शैक्षिक प्रतिष्ठानले पूर्वनिर्धारित सेमेष्टर र वार्षिक परीक्षाका कार्यक्रम जनस्वास्थ्य र सुरक्षाका मापदण्ड पूर्णरूपमा पालना हुनेगरी जेट आकारमा बसाईं व्यवस्था गरी सञ्चालन गर्नसमेत सुझाएको छ ।

## पक्राउ परेका...

भारदह, कंचनपुर लगायतका स्थानबाट उनीहरु पक्राउ परेका थिए । प्रदर्शन कै क्रममा पक्राउ परेका उनीहरुमाथी प्रहरीले सार्वजनिक शान्तिबिरुद्धको कसुर मुद्दामा सप्तरी जिल्ला अदालतबाट सात दिने म्याद थप गराई हिरासतमा राखेको थियो ।

किसानहरुको समस्या समाधान तथा आफ्ना पक्राउ परेका नेता कार्यकर्ताको रिहाईको माग गर्दै जनमत पार्टीले दिनहुँ प्रदर्शन गरिरहेको बेला उनीहरु थुना मुक्त भएपछि सोमबार नै जनमत पार्टीले खुशीयाली मनाउँदै नगर क्षेत्रमा जुलुस निकालेका छन् ।

उनीहरुले किसानहरुको जायज माग सम्बोधन नभएसम्म आन्दोलन जारि रहने बताएका छन् । पुस १४ गतेदेखी जनमतका नेता कार्यकर्ताहरुले किसानको माग सम्बोधनका लागि उच्चस्तरिय समिति गठन गर्नलगायतको ११ बुँदे माँग गर्दै राजमार्ग केन्द्रित आन्दोलनको थालनी गरेका हुन् ।

किसानहरुका लागि मलखाद र बिउको व्यवस्था, सिंचाईको व्यवस्था, निशुल्क बिजुली, हावाहुरी र वर्षाले भएको बालिनालीको क्षति वापत राहत, बालीको उचित समर्थन मुल्य निर्धारण तथा उखु किसानको भुक्तानी गर्न पार्टीले माग गरेको छ ।

यस्तै किसानका लागि कार्डको व्यवस्था, पेन्सनको व्यवस्था, बालिनालीको बिमा, तथा किसानहरुमाथी गरिएको दमन, झुठा मुद्दा खारेज लगायत आन्दोलनका क्रममा पक्राउ परेकाहरुको रिहाईको माग समेत गरेको छ ।



प्रदेश २ का अर्थमन्त्री शैलेन्द्र प्रसाद साहद्वारा सोमबार १२ औं बातावरण पत्रकारिता पुरस्कार २०७८ बाट पत्रकार महेन्द्र सदालाई सम्मानित हुँदै । *तस्बिर : राजबिराज दैनिक*

# सवारीसाधन नवीकरणमा इम्बोस्ड नम्बर प्लेट अनिवार्य

काठमाडौं, २६ पुस (रासस) ।
यातायात व्यवस्था विभागले आगामी माघदेखि सवारीसाधन नवीकरणमा इम्बोस्ड नम्बर प्लेट अनिवार्य गर्ने भएको छ । सबै किसिमका सवारीसाधनमा इम्बोस्ड नम्बर प्लेट अनिवार्य गर्दै जाने योजनाअनुसार नवीकरण गरिने सवारीसाधनमा लागू गर्न लगिएको विभागका प्रवक्ता डा लोकनाथ भुषालले बताउनुभयो ।

विभागले गत मङ्सिरदेखि नयाँ दर्ता हुने सवारीसाधनमा इम्बोस्ड नम्बर प्लेट जडान अनिवार्य गरेको थियो । उहाँका अनुसार विभिन्न स्थानमा इम्बोस्ड नम्बर प्लेट भएनभएको हेर्न गेट बनाउने काम अघि बढाइनेछ । उहाँले भन्नुभयो, "नयाँ र पुरानो सबैमा गरी २५/२६ सवारीसाधन सबैमा अनिवार्य गरिनेछ ।"

नवीकरण हुने सवारीसाधनमा इम्बोस्ड अनिवार्य जडानका लागि तयारी अघि बढाइएको प्रवक्ता डा भुषालले बताउनुभयो । कम्पनीले प्लेट छापेर यातायात व्यवस्था कार्यालयमा पठाइरहेको छ । उहाँले भन्नुभयो, "अबको एक वर्षभित्रमा सबै सवारीसाधनमा जडान गरिसकिने योजना छ ।"

पहिले अदालतमा मुद्दाका कारण र पछिल्लो समय कोभिडका कारण उच्च सुरक्षासहितको सवारीसाधनमा प्रयोग हुने नम्बर प्लेट (इम्बोस्ड नम्बर प्लेट) को कार्यान्वयन सुस्त भएको हो । विभागले विसं २०७३ जेठ १७ गते टाइगर आइटी (द कर्पोरेसन) सँग नम्बर प्लेट आपूर्ति र जडानका लागि सम्झौता गरेको थियो ।

गत जेठमा अवधि सकिएकामा केही समय पहिले मात्रै अवधि थपिएको हो । प्रविधियुक्त सो नम्बर प्लेटको प्रयोगले सवारीसाधनको चोरी, राजस्व छली र आपाराधिक क्रियाकलाप रोक्ने अपेक्षा गरिएको छ । सम्झौतामा वैयक्तिक नामाङ्कन र सूचनाप्रविधि पूर्वाधारसमेत निर्माण गरिने उल्लेख थियो । आधुनिक र वैज्ञानिक नम्बर प्लेट अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा बोलपत्र आह्वान गरिएको थियो ।

सम्झौताका आधारमा आपूर्तिकर्ता कम्पनीले २५ लाख कार्डसँगै सवारी धनीलाई इम्बोस्ड प्लेट प्रणालीमा आवद्ध गराउन र सवारीसाधनका लागि कम्प्युटर प्रणालीबाट नम्बर प्लेट जारी गर्न वैयक्तिक कार्यक्रमलगायत सफ्टवेयर निर्माण गर्ने उल्लेख थियो । सो सफ्टवेयर तयार भएर सञ्चालनमा आइरहेको छ ।

त्यस्तै नम्बर प्लेट छपाइका लागि प्रयोग हुने मेसिनरी उपकरण जडान तथा सञ्चालन गर्नुपर्ने ठेक्का सम्झौतामा उल्लेख थियो । सडक विभागसँगको समन्वयमा 'स्टिकर' वा ट्याग जडित सवारीसाधनको विद्युतीय अनुगमनका लागि १० स्थानमा गेट निर्माण गरिनेछ । काठमाडौं उपत्यकामा नागढुङ्गा, जगाति, नागार्जुन, फर्पिङ, जोरपाटी र उपत्यकाबाहिर इटहरी, पथलैया, बुटवल, कोहलपुर तथा अत्तरियामा गेट निर्माण हुनेछ ।

संविधानअनुसार देवनागरी लिपीमा लेखिने नेपाली भाषा नै सरकारी कामकाजको भाषा भएकाले नम्बर प्लेटमा नेपाली अक्षर हुनुपर्ने माग गर्दै विसं २०७४ फागुनमा रिट दर्ता गरिएको थियो । सो मुद्दामा अदालतले अन्तरिम आदेश दिएकाले नम्बर प्लेट जडान रोकिएको थियो ।

उक्त मुद्दामा रिट खारेज गरेपछि पुनः अघि बढाउन बाटो खुलेको थियो । अदालतले छिमेकी देशले पनि इम्बोस्ड नम्बर प्लेटमा अङ्ग्रेजी भाषा नै प्रयोग गरेको र नेपालको छिमकी देशसँग अन्तरदेशीय पारबाहन सम्झौता भएकाले अङ्गेजी भाषाको प्रयोग अनुपयुक्त नहुने जनाएको थियो । भाषाविद्हरुले सो नम्बर प्लेट नेपाली भाषामा नै हुँदा उपयुक्त हुने बताउँदै आएका छन् ।

# शैक्षिक क्षेत्रमा देखिएका समस्या समाधानका लागि ध्यानाकर्षण गराइने

काठमाडौं, २६ पुस (रासस) ।
संयुक्त विद्यार्थी सङ्गठनले शैक्षिक क्षेत्रमा देखिएका समस्या समाधानका लागि विश्वविद्यालय र सरकारको ध्यानाकर्षण गराउने भएको छ । संयुक्त विद्यार्थी सङ्गठनको सोमबार राजधानीमा बसेको बैठकले सरकारले लागू गरेको मापदण्डविपरीत शैक्षिक संस्था चल्दै गएका र शैक्षिक संस्थामा समस्या देखिएका भन्दै समाधानका लागि सम्बन्धित विश्वविद्यालय र सरकारको ध्यानाकर्षण गराउने निर्णय गरेको हो ।

बैठकले काठमाडौं विश्वविद्यालयअन्तर्गत नोबेल मेडिकल कलेज र काठमाडौं मेडिकल कलेजमा विद्यार्थीमाथि भएको दमनको भर्त्सनासमेत गरेको छ । लामो समयदेखि हुन नसकेको स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनको कार्यतालिका चाँडो तोक्नसमेत बैठकले माग गरेको छ ।

यस्तै कोभिड-१९ को तेस्रो भेरियन्ट र शैक्षिक क्षेत्रमाथि पर्न जाने सम्भावित जोखिमका बारेमा समेत बैठकमा छलफल भएको नेवि सङ्घका महामन्त्री बलदेब तिमल्सिनाले जानकारी दिनुभयो ।

बैठकमा नेपाली कांग्रेस निकट नेपाल विद्यार्थी सङ्घ, नेकपा (माओवादी केन्द्र) निकट अनेरास्ववियु क्रान्तिकारी, नेकपा (एकीकृत समाजवादी) निकट अनेरास्ववियु, जनता समाजवादी पार्टी निकट समाजवादी विद्यार्थी युनियन, अखिल क्रान्तिकारी, अखिल छैठौंलगायत विद्यार्थी सङ्गठनका नेताको उपस्थिति थियो ।

बैठकमा नेपाली कांग्रेसको १४औं महाधिवेशनबाट केन्द्रीय सदस्य पदमा निर्वाचित हुनुभएको भन्दै नेविसङ्घका अध्यक्ष राजीव ढुङ्गानालाई सम्मान तथा बधाई ज्ञापन गरिएको थियो ।

'लागूऔषध रहित परिवार: स्वस्थ जीवनको आधार'
➢ लागूऔषधले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य बिग्रन्छ ।
➢ लागूऔषधको उत्पादन, सञ्चय, ओसारपसार, बिक्रीवितरण तथा सेवन कानूनतः दण्डनीय छ ।
➢ गैरकानूनी गतिविधिमा आफू पनि नलागौं, अरूलाई पनि लाग्न नदिऔं ।
स्वस्थ र सुखी परिवारको लागि लागूऔषध दुर्व्यसनलाई निरुत्साहन गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*